सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np



SAMARPAN
# समर्पण
ए.पी.एफ. मासिक

वर्ष ३ | अङ्क ६ | पूर्णाङ्क ३० | पृष्ठ ८ | चैत्र २०८१

## 'प्रथम एपीएफ महिन्द्रा स्पोर्ट्स अवार्ड-२०८१'

## 'खेलकुदले एकता, अनुशासन, सहकार्य र स्वस्थ प्रतिस्पर्धाको भावनालाई प्रोत्साहन गर्छ'- माननीय गृहमन्त्री रमेश लेखक







**शैलेन्द्र थापा**

माननीय गृहमन्त्री रमेश लेखकले खेलकुद शारीरिक व्यायाम वा मनोरञ्जनको माध्यम मात्र नभई यसले समुदायमा एकता, अनुशासन, सहकार्य र स्वस्थ प्रतिस्पर्धाको भावनालाई प्रोत्साहन गर्ने बताउनुभएको छ । चैत्र २९ गते प्रधान कार्यालय हलचोक स्वयम्भुमा आयोजित **'एपीएफ महिन्द्रा स्पोर्ट्स अवार्ड-२०८१'** कार्यक्रमका प्रमुख अतिथि माननीय गृहमन्त्री लेखकले खेलकुदले व्यक्तिमा आत्मविश्वास प्रदान गर्नुका साथै



देशको नाम उच्च राख्न अन्तर्राष्ट्रिय मञ्चमा प्रतिभा उजागर गर्ने अवसरसमेत मिल्ने बताउनुभयो ।

नेपाल एपीएफ क्लबले अग्नि इन्कर्पोरेट प्रा.लि. (महिन्द्रा नेपाल अग्नि ग्रुप)को सहकार्यमा प्रथम एपीएफ महिन्द्रा स्पोर्ट्स अवार्ड-२०८१ को आयोजना गरेको हो ।

समारोहमा माननीय गृहमन्त्री रमेश लेखकलगायत उपस्थित विभिन्न महानुभावहरूले खेलाडी तथा प्रशिक्षकहरूलाई अवार्ड प्रदान गर्नुभएको थियो ।

माननीय गृहमन्त्री लेखकले सम्मानित हुने सम्पूर्ण खेलाडी, प्रशिक्षक तथा खेल क्षेत्रमा सहयोग पुऱ्याउनुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्नुहुँदै खेलकुद कुनै पनि राष्ट्रको पहिचान र आधारशिला रहेको बताउनुभयो । माननीय गृहमन्त्री लेखकले सशस्त्र प्रहरी बल नेपालले स्थापनाकालदेखि नै देश र नागरिकको सेवा सुरक्षामा अग्रणी भूमिका निर्वाह गर्नुका साथै खेलकुदको क्षेत्रमा समेत आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताउनुभयो । उहाँले यस प्रकारको कार्यक्रमले खेलाडीहरूको मेहनत, समर्पण र सफलताको सम्मान गर्ने मौका मिल्ने, नयाँ प्रतिभावान खेलाडीहरूसमेत उजागर गर्ने तथा खेलाडीहरूको मनोबल उच्च भई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

माननीय गृहमन्त्री लेखकले निजी क्षेत्र र सुरक्षा निकायबीचको साझेदारीले खेलकुद विकासमा नयाँ आयाम थप्नुका साथै अन्य क्षेत्रका लागि समेत प्रेरणाको श्रोत बन्न सक्ने उल्लेख गर्नुहुँदै खेलकुदले राष्ट्रिय भावनालाई जागृत, बलियो र समृद्ध बनाउने बताउनुभयो ।

### 'प्रथम एपीएफ महिन्द्रा स्पोर्ट्स अवार्ड-२०८१'

| सि.नं. | नामथर | बिधा | पुरस्कार |
|---|---|---|---|
| १. | तेन्जिङ्ग शेर्पा | U-१६ फुटबल | APF Mahindra Young of the Year -2081 Male |
| २. | सावित्री किसान | महिला फुटबल | APF Mahindra Young of the Year -2081 Female |
| ३. | गंगा देवी अधिकारी | कराँते | APF Mahindra Coach of the Year -2081 Female |
| ४. | जिवेश कुमार पाण्डे | महिला फुटबल | APF Mahindra Coach of the Year -2081 Male |
| ५. | महिला फुटबल टिम | महिला फुटबल | APF Mahindra Team of the Year -2081 |
| ६. | प्रिति राई | महिला फुटबल | Most Popular APF Mahindra player of the Year Female |
| ७. | महमद शेखु आलाम | कराँते | Most Popular APF Mahindra player of the Year Male |
| ८. | रविराज थापा | | Life Time Achievement Award |
| ९. | रेनुका नगरकोटे | महिला फुटबल | APF Mahindra Player of the Year -2081 Female |
| १०. | प्रिन्स दाहाल | ब्याडमिन्टन | APF Mahindra Player of the Year -2081 Male |

समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले लामो समयदेखि नेपाल एपीएफ क्लबसँग सहकार्य गरी संगठनको मात्र नभई समग्र देशकै खेलकुद क्षेत्रमा उच्च योगदान पुऱ्याउँदै आएको अग्नि इन्कर्पोरेट प्रा.लि. महिन्द्रा नेपालको समन्वय र सहकार्यका लागि विशेष धन्यवाद दिनुहुँदै यस किसिमका समन्वय र सहकार्यलाई निरन्तरता दिँदै खेलकुद मार्फत समाजमा सकारात्मक परिवर्तन ल्याउनुका साथै थप उपलब्धिहरु हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो ।



उहाँले खेल केवल मनोरञ्जनको माध्यम मात्र नभई व्यक्तिको शारीरिक क्षमता, मानसिक दृढता र सामाजिक एकताको भावनालाई उजागर गर्ने बताउनुहुँदै खेलाडीले खेल मैदानमा आफ्नो सिप, अनुशासन र मेहनतले लक्ष्य प्राप्त गर्ने बताउनुभयो । **बाँकी पृष्ठ २ मा......**

## 'सशस्त्र प्रहरी महानिरीक्षक कप-२०८१' रनिङ ट्रफि




प्रधान कार्यालय स्वयम्भु हलचोकमा सञ्चालन भएको 'सशस्त्र प्रहरी महानिरीक्षक कप-२०८१' को रनिङ ट्रफी नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीले जितेको छ । ८ स्वर्ण, ५ रजत र ३ कांस्य गरी कुल १६ पदकसहित बाहिनी प्रथम भएको हो ।

त्यसैगरी नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देही ८ स्वर्ण, ५ रजत र २ कांस्यसहित द्वितिय भएको छ भने नं. १ बराह बाहिनी मुख्यालय सुनसरी ४ स्वर्ण, ७ रजत र ८ कांस्यसहित तृतीय भएको छ ।

चैत्र ८ गते शुक्रबार सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रतियोगिताको समापन गर्नुका साथै विजयी टिम, खेलाडीहरुलाई ट्रफी, मेडल तथा उत्कृष्ट खेलाडीहरूलाई पुरस्कार प्रदान गर्नुभयो । समापन समारोहमा महानिरीक्षक अर्यालले खेलकुदले व्यक्तिमा सामूहिक भावनाको विकास गर्नुका साथै अनुशासन कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले यस प्रकारको खेलकुदले सुरक्षाकर्मीहरूमा भाइचाराको भावना बढाउनुका साथै कार्यक्षेत्रमा परिचालन हुँदा राष्ट्रसेवकहरूको मनोबल उच्च भई उत्कृष्ट कार्यसम्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल एपीएफ क्लबको आयोजनामा यही चैत्र ३ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान र सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयहरू गरी नौ वटा टिमको सहभागिता रहेको थियो भने प्रतियोगितामा फुटबल, भलिबल र एथलेटिक्स विधाका खेलहरू समावेश गरिएको थियो ।

यसैगरी २०औँ राष्ट्रिय महिला कबड्डी प्रतियोगितामा उपाधि जित्न सफल नेपाल एपीएफ क्लबका महिला कबड्डी खेलाडीहरूलाई सोही समारोहमा सम्मान गरिएको थियो । कार्यक्रममा अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरू, सशस्त्र प्रहरी परिवार महिला संघका पदाधिकारीहरू, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू, विभिन्न खेलकुद संघसंस्थाका पदाधिकारीहरूलगायत सशस्त्र प्रहरी अधिकृत तथा बिल्लादार जवानहरूको उपस्थिति रहेको थियो । प्रतियोगिताको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालले चैत्र ४ गते उद्घाटन गर्नुभएको थियो ।

### सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउने,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्ने वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद ३, दफा (६) को उपदफा (१) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्ने।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने ।

## 'प्रथम एपीएफ महिन्द्रा स्पोर्ट्स अवार्ड-२०८१'........

### सम्मानित पूर्व खेलाडीहरू

| सि.नं. | नामथर | विधा |
|---|---|---|
| १. | सप्रनानि धनविरलाल चौधरी (अ.प्रा.) | फुटबल |
| २. | सप्रसह ईन्द्र महत्ता (अ.प्रा.) | पूर्व राष्ट्रिय ब्याडमिन्टन खेलाडी |
| ३. | कैलाश दत्त भट्ट | पूर्व राष्ट्रिय भलिबल खेलाडी |
| ४. | सुनिल लामा | पूर्व राष्ट्रिय कराँते खेलाडी |
| ५. | दिपा क्षेत्री | पूर्व राष्ट्रिय फुटबल खेलाडी |
| ६. | पारस खड्का | पूर्व राष्ट्रिय कप्तान (क्रिकेट) |

### सम्मानित पूर्व प्रशिक्षकहरू

| सि.नं. | नामथर | विधा |
|---|---|---|
| १. | कपिल किशोर श्रेष्ठ | वरिष्ठ भलिबल प्रशिक्षक |
| २. | सुशिल नरसिंह राणा | वरिष्ठ एथलेटिक्स प्रशिक्षक |
| ३. | धिरेन्द्र प्रधान | फुटबल प्रशिक्षक |
| ४. | किरण थापा | बक्सिङ्ग प्रशिक्षक |
| ५. | राजु बस्नेत | क्रिकेट प्रशिक्षक |

महानिरीक्षक अर्यालले संगठन स्थापनाकालदेखि नै देश र आम नागरिकको सुरक्षा जिम्मेवारीसँगसँगै खेलकुदको क्षेत्रमा समेत सक्रिय सहभागिता जनाउँदै आएको बताउनुहुँदै खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्ट खेल प्रदर्शन गर्दा देश र संगठनको नामसमेत उच्च हुने बताउनुभयो । उहाँले स्पोर्ट अवार्ड एउटा पुरस्कार मात्र नभई खेलाडीहरूको मेहनत, लगनशीलता र समर्पणको समेत कदर गर्ने थलो भएकाले यस प्रकार को सम्मानले खेलाडीहरूमा थप प्रोत्साहनका साथै भविष्यमा अझ उत्कृष्ट खेल खेल्न हौसला प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा अग्नि इन्कर्पोरेट प्रा.लि. (महिन्द्रा नेपाल अग्नि ग्रुप) का कार्यकारी निर्देशक अर्जुनप्रसाद शर्माले स्वागत मन्तव्य राख्नुको साथै स्पोर्ट्स अवार्डले खेलाडीहरूको क्षमता र मनोबल उच्च बनाउन सहयोगी भूमिका निर्वाह गर्ने बताउनुभयो ।



समारोहमा नेपाली खेल जगतमा प्रत्यक्ष वा परोक्ष रूपमा आफूलाई सक्रिय बनाउँदै आउनुभएका खेलाडी तथा महानुभावहरूलाई नेपाल एपीएफ क्लबको आजीवन सदस्यता प्रदान गर्नुका साथै नेपाल एपीएफ क्लबलाई निरन्तर सहयोग पुऱ्याउनुहुने विभिन्न संघसंस्था तथा महानुभावहरूलाई समेत सम्मान गरिएको थियो ।

समारोहमा गृहसचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक दीपक थापा, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ, सशस्त्र प्रहरी परिवार महिला संघकी केन्द्रीय अध्यक्ष अनिता लामिछाने अर्याल, अग्नि ग्रुप नेपालका अध्यक्ष क्याबिनेट श्रेष्ठलगायत अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरू, बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू, विभिन्न संघसंस्थाका महानुभावहरूका साथै पूर्वखेलाडी तथा प्रशिक्षकहरूको उपस्थिति रहेको थियो ।

### कदरपत्र पाउने महानुभावहरू

| सि.नं. | नामथर | संस्था तथा व्यक्ति |
|---|---|---|
| १. | नविन गिरी | |
| २. | रजित गिरी | |
| ३. | हरिवंश पराजुली | |
| ४. | अंकित थापा | एन पेनाङ्ग फुटबल क्लब मलेसिया |
| ५. | सन्तोष कार्की | हिमालयन फुटबल क्लब मलेसिया |
| ६. | विवेक विक्रान्त अधिकारी | नाडा |
| ७. | ह्वीलचियर बास्केटबल टिम | |

### विशेष सम्मान पाउने व्यक्ति तथा संघसंस्थाहरू

| सि.नं. | नामथर | संस्था तथा व्यक्ति |
|---|---|---|
| १. | प्रहरी जवान जुडो खेलाडी मोनिता श्रेष्ठ | नेपाल पुलिस क्लब |
| २. | खड्ग बहादुर खड्का(म्याराथन खेलाडी) | त्रिभुवन आर्मी क्लब |
| ३. | उत्तम न्यौपाने | केल्मी नेपाल |
| ४. | अजय फुयाल | खेलाडी डटकम |
| ५. | प्रकाश तिमल्सिना | हाम्रो खेलकुद |
| ६. | दिपक हर्ष बज्राचार्य | नेपाल जुडो महासंघ |
| ७. | सप्रह पुर्ण बहादुर लामा | बक्सिङ्ग |
| ८. | सप्रनि सुरज पौडेल | सप्रबल नेपाल |
| ९. | मिलन चाम्स | चलचित्र निर्देशक |
| १०. | श्याम चित्रकार | वरिष्ठ खेलकुद पत्रकार |

## योग विज्ञान शिविर सञ्चालन





चैत्र २२ गते प्रधान कार्यालयमा एक दिवसीय योग विज्ञान शिविर सञ्चालन भएको छ । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उद्घाटन गर्नुभएको शिविरमा पतञ्जलि योगपीठबाट पाल्नु भएकी योग साध्वी देवदितीले प्रशिक्षण एवं प्रवचन दिनु भएको थियो । योग शिविरमा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका बहालवाला एवं अवकाशप्राप्त वरिष्ठ अधिकृतहरू, सिनियर अधिकृत, जुनियर अधिकृत, बिल्लादार एवं जवानहरूको उपस्थिति रहेको थियो ।

## Counter Terrorism तालिम समापन



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रधान कार्यालय स्वयम्भु, हलचोकमा चैत्र १९ गते राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानमा सञ्चालित सि.सं. १ Counter Terrorism तालिम समापन गर्नुभएको छ ।

महानिरीक्षक अर्यालले तालिम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थी अधिकृतहरूलाई हार्दिक बधाइ दिनुभयो । करिब २ महिना अवधिको सो तालिममा २१ जना सशस्त्र प्रहरी अधिकृतहरूको सहभागिता रहेको थियो ।

## फ्रेन्च भाषा कक्षा सम्बन्धि तालिम समापन



सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालको प्रमुख आतिथ्यमा चैत्र २५ गते प्रधान कार्यालयमा संचालित फ्रेन्च भाषा कक्षा सम्बन्धि तालिम समापन भएको छ । गत मंसीर १७ गतेदेखि संचालन भएको तालिममा सशस्त्र प्रहरी नायब उपरीक्षक ७ जना, सशस्त्र प्रहरी निरीक्षक ९ जनासहित कुल २१ जनाको सहभागिता रहेको थियो ।





**सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट प्रहरी महानिरीक्षक बसन्त बहादुर कुवँरको विदाई तथा नवनियुक्त प्रहरी महानिरीक्षक दिपक थापालाई हार्दिक बधाई एवं शुभकामना ।**

## सगरमाथा आरोहणमा पूर्व सशस्त्र प्रहरी हवल्दार



पूर्वसशस्त्र प्रहरी हवलदार अक्कलबहादुर बोहोरा सशस्त्र प्रहरी बल नेपालको झन्डा लिई विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा जान लाग्नु भएको छ ।

प्रधान कार्यालय हलचोक स्वयम्भुमा चैत्र २८ गते सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उहाँलाई संगठनको झन्डा हस्तान्तरण गर्नुका साथै सगरमाथा आरोहण सफलताको शुभकामनासहित हार्दिक बिदाइ गर्नुभएको हो ।

उहाँ सेवाबाट अलग भएपछि लामो समयदेखि स्पेनमा बस्दै आउनु भएको थियो । सगरमाथा आरोहणमा जान लाग्नुभएका बोहोराले आफूलाई संगठनले धेरै माया गरेको तथा भविष्यको बाटो देखाउन सफल भएकोले संगठनको लागि केही गर्नुपर्छ भन्ने भावनाले संगठनको झन्डा बोकेर सगरमाथा आरोहणमा जान लागेको बताउनुभएको थियो ।

## दर्ज्यानी चिन्ह प्रदान



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी नायब निरीक्षकबाट सशस्त्र प्रहरी निरीक्षकमा बढुवा भएका अधिकृतहरूलाई चैत्र ४ गते प्रधान कार्यालयमा दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ ।

नेपाल सरकार (गृह मन्त्रालय सचिवस्तर) को चैत्र १ गतेको निर्णयले सशस्त्र प्रहरी सेवा, साधारण समूह, लेखा उपसमूहतर्फ सशस्त्र प्रहरी नायब निरीक्षक नरेन्द्र थापा, नवराज थापा, कल्पना गुरुङ, उत्तम थापा, डिल्लीराम गौतम सशस्त्र प्रहरी निरीक्षक पदमा पदोन्नति हुनुभएको थियो । महानिरीक्षक अर्यालले बढुवा हुनुभएका अधिकृतहरूलाई हार्दिक शुभकामना दिनुहुँदै सरुवा तथा बढुवा संगठनको नीति नियमानुसार पारदर्शी भएको बताउनुभयो ।

**'कुनैपनि संगठन व्यक्ति विशेषले मात्र निर्माण र सुधार गर्ने विषय होइन, संगठन बलियो हुन त्यहाँ कार्यरत हरेक कर्मचारीमा सकारात्मक सोच र त्यागको भावना हुनुपर्दछ'-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल**

# उद्धार/विविध

## सकुशल उद्धार



कास्की जिल्लाको पोखरा महानगरपालिका-६ स्थित फेवातालमा स्टाण्डिङ्ग प्याडल बोट पल्टिएर फसेका तीन जनाको चैत्र १६ गते सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ ।

बोटिङ्ग गरिरहेको अवस्थामा अचानक बोट पल्टिएको जानकारी पाउनासाथ नं. २४ कालिका गण कास्कीबाट फेवाताल रेस्क्यु टावरमा खटिएको सुरक्षा फौजले उनीहरुको सकुशल उद्धार गरेको हो ।

## नारायणी नदीमा डुबेका दुई बालबालिकाको शव फेला





पूर्वी नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका-१ स्थित नारायणी नदीमा बेपत्ता भएका दुवै जनाको शव चैत्र २७ गते सशस्त्र प्रहरीको गोताखोरले निकालेको छ । सोही ठाउँ बस्ने १३ वर्षीया दीक्षा सेर्पुञ्जा र ९ वर्षीय स्वप्निल सेर्पुञ्जा नुहाउने क्रममा चैत्र २६ गते साँझ उक्त नदीमा डुबेर बेपत्ता भएको बताइएको छ ।

उनीहरूको खोजीकार्यको लागि नं. १७ गण चितवनबाट सशस्त्र प्रहरी सहायक निरीक्षक भुपबहादुर बुढाथोकीको कमाण्डमा खटिएको गोताखोरसहितको टोलीले २७ गते बिहान स्वप्निल सेर्पुञ्जाको शव ३५ फिट गहिराइबाट र सोही दिन अपराह्न दीक्षा सेर्पुञ्जाको शव ५० फिट गहिराइबाट निकालेको हो ।



**म्याग्दी जिल्लाको अन्नपुर्ण गाउँपालिका-४ नारच्याङ्ग स्थित डाँडाभिरमा भएको आगलागी नियन्त्रण गर्दै विपद् व्यवस्थापन बेस नारच्याङ्गको सुरक्षा फौज ।**



**पर्वत जिल्लाको फलेवास नगरपालिका-५ चितेपानीस्थित हरियाली र लागीगुराँस सामुदायिक वनमा लागेको आगो गाउँबस्तीमा सर्न नदिन फायर लाईन बनाई आगो नियन्त्रण गर्दै नं. २५ चण्डिका गण पर्वतको सुरक्षा फौज ।**



**बारा जिल्लाको निजगढ नगरपालिका-६ सडक टोलमा भएको आगलागी नियन्त्रण गर्दै विपद् व्यवस्थापन बेश निजगढको सुरक्षा फौज ।**

## सुनसरीको सेन्टर प्लाजामा आगलागी हुँदा फसेका ११ जनाको उद्धार





सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका-६ स्थित सेन्टर प्लाजामा चैत्र १३ गते भएको आगलागीमा फसेका ११ जनाको उद्धार गरिएको छ । आगलागी भएपश्चात् खटिएको सशस्त्र प्रहरीले ९ जनाको र संयुक्त सुरक्षा फौजले २ जनाको उद्धार गरेको हो ।

सेन्टर प्लाजाको चौथो तलामा आगलागी भएको जानकारी पाउनासाथ नं. १ बराह वाहिनी मुख्यालय सुनसरीबाट सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक मनिष थापाको कमाण्डमा १ सय ५ जनाको सुरक्षा फौज विपद् व्यवस्थापन सामाग्रीसहित खटिएको थियो । आगलागीमा फसेका ९ जनाको सशस्त्र प्रहरीले रोप रेस्क्यु विधि प्रयोग गरी सकुशल उद्धार गरेको हो । आगलागी नियन्त्रण तथा उद्धार कार्यमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहित ९ वटा दमकलको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

## नारायणी नदीमा हाम फालेकी महिलाको उद्धार



चितवन जिल्लाको भरतपुर महानरपालिका-३ स्थित नारायणी नदीमा हाम फालेकी महिलाको सशस्त्र प्रहरीले चैत्र ११ गते उद्धार गरेको छ । सोही महानगरपालिका-११ बसेनी बस्ने अन्दाजी ४० वर्षीया पार्वती सुनार नारायणी पुलबाट उक्त नदीमा हाम फालेको बताइएको छ ।

त्यसलगत्तै उनलाई नं. १७ गण चितवन मातहत आईआरटी पोस्ट पुल्चोकबाट खटिएको सुरक्षा फौजले उद्धार गरी उपचारको लागि भरतपुर अस्पतालतर्फ पठाएको थियो ।

## मर्स्याङ्दी नदीमा बेपत्ता युवकको शव फेला



तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटस्थित मर्स्याङ्दी नदीमा बेपत्ता भएका युवकको शव चैत्र ९ गते फेला परेको छ ।

गोरखा जिल्लाको ९ किलो घर भएका अन्दाजी २९ वर्षीय राहुल कुमाल चैत्र ५ गते उक्त नदीमा हाम फाली बेपत्ता भएको बताइएको छ । सो घटनाबारे जानकारी पाउनासाथै नं. २३ मनकामना गण भानुबाट खटिएको सुरक्षा फौजले उनको शव मोटरबोटको सहायताले बाहिर निकालेको हो ।





**मकवानपुर जिल्लाको इन्द्रसरोबर गाउँपालिका-३ स्थित सिस्नेरी खोलामा नुहाउने क्रममा वेपत्ता भएका तीन जनाको शव विपद् व्यवस्थापन बेस कुलेखानीको सुरक्षा फौजले फेला पारी पोष्टमार्टमको लागि पाटन अस्पताल पठाएको छ ।**



**पैदल यात्राको क्रममा बिरामी भएका यात्रीको उद्धार गरी उपचारको लागि स्वास्थ्य चौकीतर्फ लैजाँदै बीओपी ओलाङचुङगोलाको सुरक्षा फौज ।**

# स्थापना दिवस

## नं. १ बराह बाहिनी मुख्यालय सुनसरी



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा नं. १ बराह बाहिनी मुख्यालय सुनसरीको २४औं स्थापना दिवस चैत्र १८ गते सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा महानिरीक्षक अर्यालले बाहिनीमा कार्यरत रही वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, बाहिनीलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा महानुभाव र स्थापना दिवसको अवसर मा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा टिमलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतको २४औं स्थापना दिवस चैत्र २३ गते सम्पन्न भएको छ । स्थापना दिवसको अवसरमा महानिरीक्षक अर्यालले बाहिनीमा कार्यरत रही वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, बाहिनीलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा महानुभाव र स्थापना दिवसको अवसरमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा टिमलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## नं. ३ कंकालिनी गण मोरङ



नं. १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक शम्भु सुवेदीको प्रमुख आतिथ्यमा नं. ३ कंकालिनी गण मोरडको २०औं स्थापना दिवस चैत्र २३ गते सम्पन्न भएको छ । सोही अवसरमा नायव महानिरीक्षक सुवेदीले स्थापना दिवसमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी र गणलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरूलाई समेत कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## नं. २१ दक्षिणकाली गण ललितपुर



नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक सुरेशकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा नं. २१ दक्षिणकाली गण ललितपुरको २१औं स्थापना दिवस चैत्र १० गते सम्पन्न भएको छ ।

सोही अवसरमा नायव महानिरीक्षक श्रेष्ठले स्थापना दिवसमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी र गणलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरूलाई कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौं

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा चैत्र १० गते नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंको २१औं स्थापना दिवस सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा महानिरीक्षक अर्यालले बाहिनीमा कार्यरत रही वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरू र स्थापना दिवसको अवसरमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा टिमलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

महानिरीक्षक अर्यालले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएका विभिन्न क्रियाकलापले राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीको मनोबल उच्च रहने बताउनुभयो ।

उहाँले देशको सीमा रक्षादेखि आपद् विपदमा परेका नागरिकहरूको सहयोग र सुरक्षामा हाम्रो पहिलो प्राथमिकता रहेको बताउनुहुँदै सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूले देश र संगठनलाई परेको बखत दर्जाले होइन एउटा कर्मठ र इमान्दार सिपाही हुँ भन्ने भावना लिएर काम गर्न निर्देशन दिनुभयो ।

महानिरीक्षक अर्यालले कार्यक्षेत्रमा खटिएका सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूले मानवअधिकारको संरक्षण गर्दै नियम र कानूनको परिधिभित्र रहि विषम परिस्थितिको समयमा नागरिकको ज्यूधनको रक्षा र संरक्षण कसरी छिटो गर्न सकिन्छ भन्ने योजना बनाई काम गर्न निर्देशन दिनुभयो ।



## नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली



सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालको प्रमुख आतिथ्यमा चैत्र २२ गते नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीको २४औं स्थापना दिवस सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा अतिरिक्त महानिरीक्षक दाहालले बाहिनीमा कार्यरत रही वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी, बाहिनीलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा महानुभाव र स्थापना दिवसको अवसरमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा टिमलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका सचिवहरू, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायहरुका प्रमुखहरू, सुदूरपश्चिम प्रदेश सशस्त्र प्रहरी परिवार महिला संघका पदाधिकारीलगायत नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत इकाईहरूमा कार्यरत सिनियर तथा जुनियर अधिकृत र बिल्लादार जवानहरूको उपस्थिति रहेको थियो ।

## नं. १९ बगलामुखी विशेष कार्यदल गण हलचोक



नं. १९ बगलामुखी विशेष कार्यदल गणको २३औं स्थापना दिवस सशस्त्र प्रहरी नायव महानिरीक्षक कुमार न्यौपानेको प्रमुख आतिथ्यमा चैत्र २८ गते सम्पन्न भएको छ ।

नायव महानिरीक्षक न्यौपानेले स्थापना दिवसमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी र गणलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरूलाई कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो । नायव महानिरीक्षक न्यौपानेले स्थापना दिवसले सशस्त्र प्रहरी कर्मचारीहरुको आत्मबल र उत्साह बढाउनुकोसाथै अझ बढी लगनशिल, जिम्मेवार र आत्माविश्वास भई कार्यक्षेत्रमा परिचालित हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले जब व्यक्तिको परिश्रम र योगदानको कदर हुन्छ उसको मनोवल उच्च रही एक आपसमा आत्मीयता र सहकार्यको भावना बढ्ने चर्चा गर्नुहुँदै यस्ता कार्यक्रमहरुले संगठन र समुदाय बीचको सम्बन्धलाई समेत बलियो बनाउने बताउनुभयो ।

## स्थापना दिवस

### नं. २४ कालिका गण कास्की



नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुलबहादुर नेम्वाङको प्रमुख आतिथ्यमा नं. २४ कालिका गण कास्कीको २०औं स्थापना दिवस चैत्र २१ गते सम्पन्न भएको छ।

सोही अवसरमा नायब महानिरीक्षक नेम्वाङले स्थापना दिवसमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी र गणलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरूलाई समेत कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

### नं. २५ चण्डिका गण पर्वत



नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुलबहादुर नेम्वाङको प्रमुख आतिथ्यमा नं. २५ चण्डिका गण पर्वतको २३औं स्थापना दिवस चैत्र १९ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

नायब महानिरीक्षक नेम्वाङले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी र गणलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरूलाई कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

### नं. ३० बागेश्वरी गण बाँके



नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदीपकुमार पालको प्रमुख आतिथ्यमा नं. ३० बागेश्वरी गण बाँकेको १८औं स्थापना दिवस चैत्र २१ गते सम्पन्न भएको छ ।

सोही अवसरमा नायब महानिरीक्षक पालले स्थापना दिवस अवसरमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी र गणलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरूलाई कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

### नं. ४२ रिजर्भ गण बाँके



नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदीपकुमार पालको प्रमुख आतिथ्यमा नं. ४२ रिजर्भ गण बाँकेको २४औं स्थापना दिवस चैत्र २३ गते सम्पन्न भएको छ ।

सोही अवसरमा नायब महानिरीक्षक पालले स्थापना दिवसमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी र गणलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरूलाई कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## रक्तदान



लम्जुङ जिल्लाको बेशीसहर नगरपालिका-६ भलम बस्ने ८१ वर्षिय लालबहादुर परियार अत्याधिक रक्तश्राव भई जिल्ला अस्पताल लम्जुङ्गमा उपचाररत रहेकोमा उनलाई रगत आवश्यक रहेको र पूर्ति गरि दिनुहुन भनि जिल्ला अस्पतालबाट आश्रित गुल्म लम्जुङलाई अनुरोध भएपछि सो गुल्ममा कार्यरत सशस्त्र प्रहरी जवान सरोज पण्डित अस्पतालमा गई रक्तदान गरेका थिए ।



**नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंको २१ औं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै बाहिनी र बाहिनी मातहतको सुरक्षा फौज ।**



**नं. २१ गण दक्षिणकाली गण ललितपुरको २१ औं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै गणको सुरक्षा फौज ।**



**नं. २४ कालिका गण कास्कीको २०औं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै गणको सुरक्षा फौज ।**



**नं. ३० बागेश्वरी गण बाँकेको १८औं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै गण र गण मातहतका सुरक्षा फौज ।**



**नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतको २४औं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै बाहिनी र बाहिनी मातहतका सुरक्षा फौजले ।**




संयुक्त राष्ट्र संघीय मिशन अन्तर्गत दक्षिण सुडानस्थित शान्ति स्थापनार्थ UNMISS NEPFPU-1 Juba मा तैनाथ सशस्त्र प्रहरीको सुरक्षा फौज चैत्र २४ गते तदनुसार 6 April, 2025 मा UNMISS UNPOL संग संयुक्त रुपमा **'Pre-** ' नामक वास्तविक Scenario मा आधारित अभ्यास (Field Training Exercise) मा सहभागी भएको छ ।




का कमाण्डर Togba Jeremiah MASSAQUOI को नेतृत्वमा नेपाल FPU-1 का कमाण्डिङ्ग अफिसर तथा अपरेशन अधिकृत लगायतको टोलीले दक्षिण सुडानको जुबामा रहेका दुई IDP शिविरभित्र गस्ती तथा विविध गतिविधि संचालन गरेको छ ।

## प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंज



प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजले माघदेखि चैत्र महिनासम्म पर्सा जिल्लाको विभिन्न स्थानहरुबाट करीब ३६ करोड ३९ लाख ९२ हजार १ सय ६६ रुपैयाँ बराबरको लागूऔषध, किराना सामान लगायत विभिन्न चोरीपैठारीको अवैध सामान बरामद गरेको छ ।

गुल्मको सकृयताले माघ महिनामा १२ करोड २८ लाख ३ हजार ७ सय ९९ रुपैयाँ बराबरको बिभिन्न किसिमका चोरीपैठारीको सामान, नेपाली तथा भारतीय रुपैयाँ, ५ के.जी गाँजा र सवारीसाधनसहित ३ जनालाई नियन्त्रणमा लिएको छ ।

यसैगरी फागुन महिनामा करीब १४ करोड २९ लाख १ हजार ९ सय ६७ रुपैयाँ बराबरको विभिन्न किसिमका अबैध सामान, सवारी साधन र १ थान एयर गन बरामद गरेको छ भने ४ जनालाई नियन्त्रणमा लिएको छ ।

चैत्र महिनामा १० करोड ११ लाख ६ हजार ४ सय रुपैयाँ बराबरको विभिन्न किसिमका अबैध सामान, सवारी साधन, २७ सय ग्राम गाँजा, लागुऔषध ओनरेक्स ५० बोतल बरामद गरेको छ भने ३ जनालाई नियन्त्रणमा लिएको छ ।

गुल्मले नियन्त्रणमा लिएको सामान, लागूऔषध, सवारीसाधन, नगद तथा व्यक्तिलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा बुझाएको छ ।

## चैत्र महिनाको बरामदी विवरण

### बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बीओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १ | इलाम | ३०१८०२ |
| २ | झापा | ८१३९२८० |
| ३ | मोरङ | ५३६०९६१ |
| ४ | सुनसरी | ३४५५५०५ |
| ५ | सप्तरी | ३९५२१०६ |
| ६ | सिराहा | ८२५४८८६ |
| ७ | धनुषा | ९२९६९४९ |
| ८ | महोत्तरी | ६७२९७१९ |
| ९ | सर्लाही | ३७५२०७७ |
| १० | रौतहट | ४७८२९२३ |
| ११ | बारा | ३६३४९७० |
| १२ | पर्सा | १९०७०२५२ |
| १३ | चितवन | १३०००० |
| १४ | मकवानपुर | ५००० |

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १५ | सिन्धुली | ३३१८०० |
| १६ | सिन्धुपाल्चोक | २१०६१० |
| १७ | रसुवा | ८२०९७१ |
| १८ | प.नवलपरासी | ५८२४३०८ |
| १९ | रुपन्देही | ११०२५०९५ |
| २० | कपिलबस्तु | ५४४९८३९ |
| २१ | दाङ | १९५००० |
| २२ | बाँके | ८५५११३८ |
| २३ | बर्दिया | १७३४९३९ |
| २४ | कैलाली | ८८६३९६० |
| २५ | कन्चनपुर | ९७०३८१० |
| २६ | दार्चुला | २९२०५ |
| जम्मा | | १२९६०७१०५ |

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्का लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

## विपद् प्रतिकार्य नमूना अभ्यास




गण्डकी प्रदेश सरकारको सहयोग तथा नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीको संयोजन र नं. २३ मनकामना गण तनहुँको आयोजनामा चैत्र २६ गते तनहुँको मर्स्याङ्दी नदीमा विपद् प्रतिकार्य नमूना (सिमुलेसन) अभ्यास सम्पन्न भएको छ ।

गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो अभ्यासमा तनहुँका प्रमुख जिल्ला अधिकारी, विभिन्न नगरपालिका तथा गाउँपालिकाका प्रमुख/अध्यक्ष, नेपाली सेना पश्चिम पृतना हेडक्वाटर विजयपुरका सहायक रथी, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालयका बाहिनीपति, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, स्थानीय भद्रभलाद्मी, सञ्चारकर्मी तथा स्थानीय बासिन्दाहरूको समेत उपस्थिति रहेको थियो ।



**प्युठान जिल्लाको प्युठान नगरपालिका-७ टिकुरी बसपार्कस्थित खेलमैदानमा आगलागी न्युनिकरण सम्बन्धी संयुक्त कृतिम अभ्यास गर्दै आश्रित गुल्म प्युठानको सुरक्षा फौज ।**




**ईलाम जिल्लाको ईलाम नगरपालिका-७ स्थित नगरपालिकाको कार्यालय परिसरमा आगलागी नियन्त्रण तथा घाईतेको उद्धार सम्बन्धी संयुक्त विपद् अभ्यास गर्दै नं. १ श्रीअन्तु गण इलामको सुरक्षा फौज ।**

## स.प्र.नि. स्व. बडुवालाको परिवारलाई सहयोग रकम



राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् व्यवस्थापन तथा उद्धार कार्यमा खटिने क्रममा मृत्यु भएका सशस्त्र प्रहरी निरीक्षक स्व. दिलबहादुर बडुवालको आश्रित परिवारलाई पाँच लाख रुपैयाँ उपलब्ध गराउने भएको छ ।

विपद् व्यवस्थापनमा योगदान पुर्‍याए बापत उनको परिवारलाई सो रकम उपलब्ध गराउनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको ३०औँ कार्यकारी समितिको बैठकले उक्त निर्णय गरेको हो ।

यसअघि सशस्त्र प्रहरी बल नेपालले विपद् व्यवस्थापनका क्रममा घाइते तथा मृत्यु भएका सशस्त्र प्रहरी कर्मचारी र उनीहरूका आश्रित परिवारलाई तत्काल सहयोग रकम उपलब्ध गराउने उद्देश्यले सशस्त्र प्रहरी बल नेपाल विपद् प्रकोप राहत कोषसम्बन्धी मापदण्ड-२०८१ सञ्चालन गरी उक्त कोषबाट स्व. दिलबहादुर बडुवाललगायत अन्य ३ जना सशस्त्र प्रहरी कर्मचारीहरूका आश्रित परिवारलाई पाँच-पाँच लाखका दरले २० लाख रुपैयाँ सहयोग रकम उपलब्ध गराइसकेको छ ।

## हार्दिक श्रद्धाञ्जलि



जन्म २०४१।०१।१७

स्वर्गारोहण २०८१।१२।०९

**सशस्त्र प्रहरी बरिष्ठ हवल्दार स्व. भिमबहादुर बुढा**

नं. ३४ गण कैलाली दरबन्दी भई नं. ८ गण धनुषामा कार्यरत सशस्त्र प्रहरी बरिष्ठ हवल्दार भिमबहादुर बुढाको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म २०५५।०४।०१

स्वर्गारोहण २०८१।१२।१९

**सशस्त्र प्रहरी जवान स्व. बिजेश यादव**

प्राविधिक तालिम शिक्षालय पथलैया, बारामा कार्यरत सशस्त्र प्रहरी जवान बिजेश यादवको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

## नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन



दाङ जिल्लाको लमही नगरपालिका-५ स्थित लमही अस्पतालको प्रांगणमा चैत्र २६ गते नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। लमही नगरपालिका र नं. ४१ रिजर्भ गणको संयुक्त आयोजनामा सञ्चालन गरिएको शिविरमा ६ सय ७० जना सर्वसाधारणको नि:शुल्क जाँच गरिएको थियो।



पूर्वी नवलपरासी जिल्लाको विनय त्रिवेणी गाउँपालिका-७ सुस्ता त्रिवेणी स्वास्थ्य चौकीको प्रांगणमा चैत्र ९ गते नि:शुल्क स्वस्थ्य शिविर संचालन गरिएको छ।

सीमा वासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत नं. ३१ गुल्म पूर्वी नवलरासीको आयोजना र विनय त्रिवेणी गाउँपालिकाको संयोजकत्वमा एक दिने नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिएको हो। स्वास्थ्य शिविरमा ३२ जना पुरुष तथा ७१ जना महिला गरी जम्मा १ सय ३ जनाको नि:शुल्क स्वास्थ्य परिक्षण गरिएको थियो।



**वातावरण संरक्षण अन्तर्गत फेवातालमा भएको जलकुम्भी तथा झार सफाई गर्दै नं. २४ कालिका गण कास्कीको सुरक्षा फौज।**

## निशान, कोत तथा मौलो पूजा सम्पन्न



सशस्त्र प्रहरी बल नेपालको निशान, कोत तथा मौलो पूजा चैत्राष्टमीको अवसरमा सशस्त्र प्रहरी बल नेपाल नं. १९ बगलामुखी विशेष कार्यदल गण काठमाडौंमा चैत्र २३ गते सम्पन्न भएको छ।

सशस्त्र प्रहरी ब्याण्डको मंगलधुनबीच सुरु भएको पूजामा सशस्त्र प्रहरी बल नेपालको एक टोलीले निशान भगवती सलामी अर्पण गरेको थियो। संकल्प साइतमा गरिएको पूजामा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपालको निशानमा पञ्जाछाप लगाउनुभएको थियो।

महानिरीक्षक अर्यालले पूजा व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरूलाई पगरी तथा नगद पुरस्कार समेत प्रदान गर्नुभएको थियो। सशस्त्र प्रहरी बल नेपालले चैत्राष्टमीको अवसरमा परम्परागत रूपमा हरेक वर्ष निशान, कोत तथा मौलोपूजा गर्दै आएको छ।

महानिरीक्षक अर्यालबाट सम्पन्न भएको पूजा कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नारायणदत्त पौडेल, चन्द्रप्रकाश गौतम र वंशीराज दाहाललगायत सशस्त्र प्रहरी बल नेपालका अधिकृत, बिल्लादार तथा जवानहरूको समेत उपस्थिति रहेको थियो।

## सीमावासीलाई डकर्मी अनुशिक्षण तालिम



सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका-३ लार्चास्थित बोर्डर आउट पोष्ट तातोपानीको परिषरभित्र सीमावासी नागरिकहरु लक्षित तीन दिने डकर्मी अनुशिक्षण तालिम सम्पन्न भएको छ।

नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक गणेश ठाडा मगरको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा नं. १६ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक अच्युत कुमार मजगैयाँ, तातोपानी भन्सार कार्यालयका प्रमुख कमल कुमार भट्टराई लगायत स्थानीय भद्रभलाद्मीहरुको समेत उपस्थिती रहेको थियो। तालिममा सीमा इलाकामा बसोबास गर्ने २० जना नागरिकको सहभागिता रहेको थियो।

# स.प्र.बल, नेपाल इकाई परिचय

## नं. ५ त्रियुगा गण उदयपुर

सशस्त्र प्रहरी बल नेपालले शान्ति सुरक्षा कायम गर्न नेपाल राज्यको विभिन्न क्षेत्रमा आफ्ना इकाईहरू स्थापना गर्दै लैजाने क्रममा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-९ रातामाटेमा २०६३ साल चैत्र ६ गते जिल्ला सुरक्षा बेस स्थापना भएको थियो।

समयसापेक्ष इकाईहरूको स्तरोन्नति हुने क्रममा २०६६ साल माघ १५ गते त्रियुगा गुल्मको रूपमा स्थापना भएकोमा २०७५ साल जेठ २७ गतेदेखि सशस्त्र प्रहरी बल, नेपाल नं. ५ त्रियुगा गण उदयपुरको रूपमा पुन: स्तरोन्नति भई जिल्लाभित्र शान्ति सुरक्षा अमनचयन कायम राख्न, आपतकालीन अवस्थामा विपद् उद्धारमा परिचालन हुन, जनमानसमा सुरक्षा कार्यमा सहयोग पुऱ्याउन अहोरात्र परिचालन भइरहेको छ।




हाल गणको जिम्मेवारी इलाकाभित्र ३ वटा सुरक्षा बेसहरू तैनाथ रहेका छन् भने आश्रित गुल्म सोलुखुम्बु र ओखलढुंगा (मातहत १ सुरक्षा बेस) लाई समेत यसै गणमार्फत जनशक्ति र बन्दोबस्तीको व्यवस्थापन गर्दै आइरहेको छ।



**सप्रउ सुशिलकुमार शाही**
**गणपति**

### हालसम्मका गणपतिहरू

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | सप्रउ | जयबहादुर खड्का | २०७५।०५।१९ | २०७६।०४।१७ |
| २. | सप्रउ | गाहारधन राई | २०७६।०४।१८ | २०७७।०४।१४ |
| ३. | सप्रउ | सुधिर सुवेदी | २०७७।०४।१४ | २०७८।१०।०४ |
| ४. | सप्रउ | कृष्णराज अधिकारी | २०७८।१०।०४ | २०७९।१०।१६ |
| ५. | सप्रउ | अशोककुमार शाक्य | २०७९।१०।१६ | २०७९।११।०७ |
| ६. | सप्रउ | सरोजसिंह बस्नेत | २०८०।११।०७ | २०८१।११।०१ |
| ७. | सप्रउ | सुशिलकुमार शाही | २०८१।११।०१ | हाल सम्म |







# लेख/रचना

## राष्ट्र सेवक



सशस्त्र प्रहरी वरिष्ठ हवल्दार
**लवदेव भट्ट**

सशस्त्र प्रहरी हौं हामी समर्पण राष्ट्रका लागि
मन, वचन र कर्मले तैनाथ हामी देश र जनताका लागि ।

चराझैं उडिरहने स्यान्डेट छ हाम्रो
थोरै जनशक्ति भए पनि जतातत्तै चर्चा छ हाम्रो ।

शान्ति सुरक्षामा प्रतिबद्ध भएर खटिइएका छौं रातदिन नभनी
स्वदेशमा मात्र होइन विदेशमा पनि खटिइएका छौं ब्लु हेलमेट बनी ।

नयाँ खोज र प्रविधिमा अगाडि बढेको छ संगठन
अवकाश भई जाँदा आत्मनिर्भर बनाएर पठाउने लक्ष्यमा छ संगठन ।

## सशस्त्रका सिपाही हामी



सशस्त्र प्रहरी जवान
**रबिन खत्री**

देशका लागि लड्ने हामी
शान्तिका लागि अगाडी बढ्ने हामी ।

माटोको माया रगतमा बगेको
हिमालझैं अडिग, कहिल्यै नढलेको ।

गोलीको आँधीमा मुस्कान छर्ने
आँधी तुफानमा पनि सिधा उभिने ।

देशको नासो, जनताको चाहना
हामी छौं त सुरक्षित यो भूमि र आकाश ।

शपथ खाएका छौं, कहिल्यै नझुक्ने
सत्यमाथि चल्ने, अन्यायलाई रुक्ने ।

आफ्ना सपनाहरू सग्लो पार्ने होइन
अरूका सपनाहरूमा रंग भर्ने ।

दुश्मनका आँखामा भय बनेर उभिने
शान्तिको जून झैं अन्धकारमा चम्किने ।

सशस्त्रका सिपाही हामी अटल, अविचल
जिन्दगी हारेपनि कहिल्यै नझुक्ने सशस्त्रका सिपाही हामी ।

## सशस्त्र प्रहरी



प्रशिक्षार्थी सशस्त्र प्रहरी जवान
**मन्जुकुमारी रावत**

स.प्र.बल, नेपालले हामी सबैको रक्षा गर्दछ ।
भूकम्प, आगलागी हुँदा अगाडि सर्दछ ॥

देश नेपालको सुरक्षा गर्न खटी आएका छौं ।
नेपाल आमाका सपुत वीर गोर्खाली हौं ॥

केही गल्ती गर्दा हामी नेपालीको शीर झुक्दछ ।
आन्दोलन हुँदा APF नेपाल अगाडि पुग्दछ ॥

चढदैछ घाम बढ्दैछ काम अगाडि सर्नु छ ।
हामी सबैले सबैको लागि नयाँ काम गर्नु छ ॥

## यथार्थ



सशस्त्र प्रहरी निरीक्षक
**होमनाथ नेपाल**

नत मलाई खुसी मिल्यो नत मिल्यो डाह ।
जति ईर्ष्या भए पनि भन्दिन म आह ॥

धेरै दुःख नपरोस् है कसैमाथि पनि ।
यस्तै दुःख कति झेलें अनुभवी म नि ॥

लेखिएकै पूरा हुन्छ दोष दिनु कल्लाई ।
तक्दिरमा छैन भने हुन्न हजुर बललाई ॥

आवेगमा भए होलान् अनेक थरि रिस ।
अप्ठेरोमा पर्दा खेरी फ्यांक्नु हुन्न विष ॥

मरी जाने जिन्दगी हो मान्नु पर्छ डर ।
झुटो कुरा बोल्नु हुन्न बाँच्नु के नै छर ॥

कुनै बेला गल्ती होला पछुताउनु राम्रो ।
यो संसारमा को होला र मान्छे भन्दा चाम्रो ॥

भगवान् माथि विश्वास गर्छु देखावटी छैन ।
मनमा एउटा मुखमा अर्को आजसम्म भइन ॥

कर्मअनुसार धर्म हेर सोहीबमोजिम फल ।
पाइन सुख भन्दै तिमी नरोऊ पल पल ।

## आज उसको पालो भोलि तिम्रो हुनेछ



सशस्त्र प्रहरी हवल्दार
**जीवनबहादुर थापा**

आज उसको पालो, भोलि तिम्रो हुनेछ
अथक मेहनत र परिश्रमले सफलता तिम्रो पहिचान हुनेछ ।

पसिना बगाउँदै अगाडि बढिरहन्
हर गन्तव्य तिम्रो समीप हुनेछ ।

उसको जितमा गर्व गर, नझुकाऊ मन
तिम्रो कथा पनि एक दिन अद्भुत हुनेछ ।

संघर्षलाई सधैं तिम्रो पर्याय बनाइरहन्
तिम्रो मेहनतले संसार एक दिन चकित हुनेछ ।

हर रात पछि निश्चय दिन आउनेछ
अँध्यारो पन्छाउँदै जाऊ उज्यालो तिम्रो साथ हुनेछ ।

आज उसको पदोन्नति, भोलि मिसन तिम्रो हुनेछ
कर्ममा अटल हुनु आधा आकाश तिम्रो हुनेछ ।

उसको उपलब्धिलाई तिमी प्रेरणा बनाऊ
हर बाधा पार गर्ने साहस महान् हुनेछ ।

पसिना बगाएर लेख्दै जाऊ तिमी आफ्नो कथा ।
त्यो कथा सुनेर दुनियाँ एक दिन चकित हुनेछ ।

धैर्य र कर्मको सँगालो बाँधेर अघि बढ
तिम्रो मेहनतको फल एक दिन सुनौलो हुनेछ ।

राष्ट्रको खातिर समर्पित हुँदै मनोभाव उच्च राख
एक दिन तिम्रो उचाइले गगन चुम्ने छ ।

आज उसको पदोन्नति, भोलि तिम्रो हुनेछ ।
आज उसको आई.जी.ए.पी.एफ. कमाण्डेसन, भोलि तिम्रो हुनेछ ।

आज उसको शान्ति मिसन, भोलि तिम्रो हुनेछ ।
आज उसको वर्ष जवान, भोलि तिम्रो हुनेछ ।

अझै मिहिनेत गर्दै जाऊ, आधा आकाश तिम्रो हुनेछ ।
आज उसको पालो, भोलि तिम्रो हुनेछ ।

## मलाई प्यारो लाग्छ मेरो मातृभूमिको माटो



सशस्त्र प्रहरी वरिष्ठ हवल्दार
**द्रोणबहादुर कुँवर**

मलाई प्यारो लाग्छ चार जात छत्तीस वर्णले सजिएको साझा फूलबारीको माटो
कसम खाएको छु लगाएको वर्दीमा अहोरात्र सेवा, सुरक्षा गर्नेछु ।

सगरमाथाको मेरो देश लालिगुरासले ढकमक्क जलजलाले भरिपूर्ण माटो संक्रमण रोगहरूलाई प्रतिकार गर्ने यार्सागुम्बा उरबराउने मलाई प्यारो लाग्छ मेरो देशको माया ।

हिमाल, पहाड तराई प्रकृतिले भरिएको मेरो देशको माटो
आहा हिमालमा डाँफे, तराईमा मयुर, पशुपतिनाथमा सुनको गजुर मलाई प्यारो लाग्छ मेरो देशको माटो हजुर ।
बेग्लै पहिचान मेरो देश चन्द्र अंकित राष्ट्रिय झण्डा
विश्वमा छुट्टै परिचय छ, सुन्दर शान्त देश नेपाल अरु देश भन्दा ।

उर्वर भूमिमा जिउने दुर्लभ पन्छी डाँफेझ्याकुर जन्माउने माटो
विश्वको शीर भएर टल्केर चिनारी भएको हिमाल आहा प्यारो लाग्छ मेरो देशको माटो ।

सुन्दर प्रकृतिले लोभ्याउने पर्यटकीय भूमि प्यारो मेरो देशको माटो
हरदम अहोरात्र कटिबद्ध भएर सुरक्षा गर्ने छु प्यारो छ मलाई मेरो देशको माटो ।

मुगुमा रारा ताल सुन्दर से-फोक्सुन्डो सजिएको डोल्पा
सगरमाथामा पहिलो चोटि चन्द्रसुर्य अंकित झन्डा फहराउने तेन्जिङ शेर्पा आहा प्यारो लाग्छ मलाई मेरो देशको माया ।

गजे घले, गन्जु लामा, बलभद्र विश्वमा भिक्टोरिया सम्मान पाउन जन्माउने आमाका सपुत हुर्काउने माटो
वीर गोर्खालीले भन्न गर्व लाग्छ मलाई त्यही भएर प्यारो लाग्छ मेरो देशको माटो ॥

## जनचेतनामूलक कार्यक्रम



लागूऔषध दुर्व्यसनि रोकथाम तथा नियन्त्रण सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्दै बिओपी गुरुङ्नाका दाङको सुरक्षा फौज ।



आगलागी नियन्त्रण सम्बन्धी जनचेतनामुलक कार्यक्रममा संचालन गर्दै बिओपी प्रसौनिभाठा पर्साको सुरक्षा फौज ।



पूर्वी नवलपरासी जिल्लाको देवचुली नगरपालिका-१४, स्थित जनज्योति नमुना माध्यमिक विद्यालयमा लागूऔषध सम्बन्धी जनचेतनामुलक कक्षा संचालन गर्दै सुरक्षा बेस प्रगतिनगरको सुरक्षा फौज ।



महोत्तरी जिल्लाको औरहीमा आगलागी जोखिम न्युनीकरण तथा पूर्व तयारी सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्दै नं. ९ गण महोत्तरीको सुरक्षा फौज ।

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ, बरामद, उद्धार तथा
अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

■ **प्रकाशक**: सशस्त्र प्रहरी बल, नेपाल ■ **प्रकाशन समिति**: सप्रउ आनन्द थापा मगर (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिपेन्द्र खरेल
**कम्प्युटर लेआउट**: सप्रह मनोज कुँवर, **कम्प्युटर अपरेटर**: सप्रसह मिनबहादुर हौजाली मगर, सप्रज हरि थापा, **तस्वीर**: छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई